# क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लि.

## गंगादेव गाउँपालिका २ सुखाओडार

## रोल्पा ।

**चौथो वार्षिक साधारणसभाबाट स्विकृत मिति : २०७९/११/२७**

सम्पती शुद्धीकरण निवारण कार्यविधि –२०७९

# सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि, २०७९

"ग्रामीण जिवनस्तर र पूँजिविकासको महाअभियान"

# क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.

## गंगादेव गाउँपालिका २ सुखाओडार

## रोल्पा ।

**सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि–२०७९**

**प्रमाणित मितिः २०७९/११/२७**

**नियम नं. ७**

**प्रस्तावना : सम्पत्ती शुद्धिकरण निवारण ऐन २०६४ को दफा ४६** ले दिएको अधिकारको प्रयोग एवं **सम्पत्ती शुद्धिकरण निवारण नियमावली, २०७३** लाई आधार मानी जारी भएको सम्पत्ती शुद्धिकरण तथा आतङ्कवादि क्रियाकलापमा वित्तीय लगानि सम्वन्धी सहकारी संस्थालाई जारी गरीएको निर्देशन २०७४ को प्रभावकारी कार्यान्वयन गर्न बान्छनिय भएकोले यो **सम्पत्ती शुद्धिकरण निवारण कार्यविधि, २०७९** तयार पारीएको छ । संस्थाका सम्पूर्ण कारोवारहरु यसै कार्यविधिको अधिनमा रही गरिनेछन् ।

### परिच्छेद : १

### नाम र प्रारम्भ

**१.१ नाम :** यो कार्यविधिको नाम **सम्पत्ती शुद्धिकरण निवारण कार्यविधि, २०७९** रहेको छ ।

**१.२ प्रारम्भ :** यो कार्यविधि संस्थाको सञ्चालक समितिले निर्णय गरेको मिति देखी लागू हुने छ । आगामी वार्षिक साधारण सभाबाट अनुमोदन गरिने छ ।

**१.३ परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

१. **"ऐन"** भन्नाले **सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४** लाई सम्झनु पर्दछ ।

२. **"नियमावली"** भन्नाले सम्पत्ती **शुद्धीकरण निवारण नियमावली, २०७३** लाई सम्झनु पर्दछ ।

३. **"निर्देशन"** भन्नाले सहकारी विभागद्धारा **सहकारी संघ संस्थाहरुलाई जारी गरीएको निर्देशन २०७४** लाई सम्झनु पर्दछ ।

४. **"कार्यालय"** भन्नाले सहकारी संस्थालाई नियमन गर्ने नियमनकारी निकायलाई बुझ्नुपर्दछ ।

५. **"व्यवस्थापक"** भन्नाले संस्थामा कार्यरत कर्मचारीहरुको प्रमुख व्यक्तिलाई सम्झनु पर्दछ ।

६. **"मन्त्रालय"** भन्नाले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

७. **"रजिष्ट्रार"** भन्नाले विभागको रजिष्ट्रारलाई सम्झनु पर्दछ ।

८. **"वित्तिय जानकारी एकाई"** भन्नाले **ऐनको दफा ९** बमोजीम बित्तीय जानकारी एकाईलाई सम्झनुपर्दछ ।

सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि २०७९

९. **“विनियम”** भन्नाले संस्थाको विनियमलाई सम्झनु पर्दछ ।

१०. **“विभाग”** भन्नाले सहकारी बिभागलाई सम्झनु पर्दछ ।

११. **“संघ”** भन्नाले **सहकारी ऐन २०७४** अनुसार गठन भएको जिल्ला, प्रदेश र केन्द्रमा भएको संघहरुलाई सम्झनु पर्दछ ।

१२. **“सदस्य”** भन्नाले संस्थाको विनियम अनुसार बनेको शेयर सदस्यलाई सम्झनु पर्दछ ।

१३. **“संस्था”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि. गंगादेव २ सुखाओडार रोल्पा** लाई जनाउनेछ ।

१४) **“समिति”** भन्नाले साधारण सभाबाट निर्वाचीत सञ्चालक समितिलाई जनाउनेछ ।

१५) **“उपसमिति”** भन्नाले सञ्चालक समितिले निश्चीत उद्देश्यका लागि गठन गरेको उपसमितिलाई जनाउनेछ ।

१६) **“अधिकार प्राप्त”** भन्नाले नियमानुसार कुनै काम गर्न अधिकार पाएको अधिकारी सम्झनु पर्दछ ।

१७) **“कर्मचारी”** भन्नाले संस्थाको स्वीकृत दरबन्दी भित्रका तह नखुलेको वा खुलेको काम गर्ने स्थायी, अस्थायी एवं करारका कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद : २
## उद्धेश्य एवं अधिकार

**२.१ उद्धेश्य : यस कार्यविधि निर्माणका तपसिलमा उल्लेख गरीए बमोजीका उद्धेश्यहरु रहेका छन् :**

१. सम्पत्ती शुद्धिकरण गर्ने कार्यलाई निवारण गर्नु ।
२. सम्पत्ती शुद्धिकरण गरी आतङ्ककारी क्रियाकलापमा लगानि गर्न रोक लगाउनु ।
३. राज्यलाई कर छल्ने प्रवृत्तिलाई रोकथाम गर्नु ।
४. राज्यको राजश्व संकलनमा योगदान पुऱ्याउनु ।
५. शेयर सदस्यहरुको अभिलेख चुस्त र दुरुस्त राख्नु ।
६. कारोवारमा सहजता ल्याउनु ।
७. सदस्यहरुलाई नजिकबाट पहिचान गर्नु ।

**२.२ अधिकार :** यो कार्यविधिको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा व्याख्या गर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु सहकारी ऐन तथा नियमावली, सम्पति शुद्धिकारण निवारण ऐन तथा नियमावली, संस्थाको विनीयम तथा प्रचलीत कानुनसँग बाँझिएमा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

# परिच्छेद : ३
## पहिचान एवं व्यवस्थापन

**३.१ सदस्य पहिचान :**

क) सदस्य तथा सम्भावित सदस्यको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ ।

ख) सदस्य पहिचान तथा सम्पुष्टि गर्दा वास्तविक धनि तथा हिताधिकारी भए सोको समेत पहिचान गर्नुपर्नेछ ।

ग) सदस्य पहिचान फारममा प्राकृतिक व्यक्ति सदस्य भए निजको ल्याप्चे छाप र कृत्रिम व्यक्ति भए आधिकारीक छाप र खाता सञ्चालकको ल्याप्चे छाप लिनु पर्नेछ ।

घ) बालवचत खाता सञ्चालन गर्दा वालकको संरक्षक वा अभिभावकको ल्याप्चे छाप लिनु पर्नेछ ।

ङ) सदस्यले दिएको विवरणमा शंका लागेमा संस्थाले निज शेयर सदस्यको छिमेकीसँग समेत बुझ्नु पर्नेछ ।

च) सदस्य बन्ने व्यक्तीको सम्पुर्ण विवरण नभराई सदस्यता प्रदान गर्न पाईने छैन ।

छ) कुनै पनि व्यक्तीलाई सदस्य बनाउदा संस्थामा सम्वन्धीत स्वंयम व्यक्ति उपस्थित हुनुपर्नेछ ।

ज) संस्थाले सदस्य वा सदस्य हुन इच्छुक व्यक्तिको **अनुसुची १** बमोजिमको सदस्यता पहिचान फारम भर्नु पर्ने छ ।

झ) संस्थाले उच्च पदस्थ व्यक्तिहरुको पहिचान सम्बन्धी तपसिलमा उल्लेखित व्यवस्था गर्नु पर्नेछ ।

१. सदस्य विवरण नियमित रुपमा अद्यावधिक गर्ने ।
२. उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने ।
३. उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्वद्ध व्यक्तीको पहिचान गर्ने ।
४. उच्च पदस्थ व्यक्तिको हैसियत र संलग्नता बमोजीमको जोखिम पहिचान गर्ने ।

ञ) उच्च पदस्थ व्यक्तीहरुको पहिचान गर्दा तपसिलमा उल्लेखित प्रक्रियाहरु अवलम्वन गर्न सकिनेछ ।

१. सदस्यवाट सुचना लिने ।
२. सार्वजनिक रुपमा उपलव्ध सुचना ग्रहण गर्ने ।
३. सामाजिक सन्जालमा उपलव्ध सुचनाहरुको विश्लेषण गर्ने ।
४. व्यवसायिक रुपमा उपलव्ध तथ्यांकहरु लिने ।

**ट**) उच्च पदस्थ व्यक्तिहरुको अभिलेख निज पदवाट अवकास भएको वा मुक्त भएको मितिले **५ वर्षसम्म** कायम राख्नु पर्नेछ । यदि वढी जोखिम देखिएको अवस्था छ भने उक्त अवधि भन्दा वढी अवधि पनि राख्नुपर्नेछ ।

**३.२ कारोवारको पहिचान :** सदस्यले गरेको कारोवारको तपसिलमा उल्लेख गरिए बमोजिम पहिचान गर्नुपर्दछ ।

**क**) सदस्यले पेस गरेको विवरण, कारोवार र निजको हैसियत मिल्छ वा मिल्दैन ?

सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि –२०७९

**ख**) सदस्यको काम कारोबार उपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ छैन ?

**ग**) सदस्यको पुर्ख्यौली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ वा देखिदैन ?

**घ**) सदस्य र निजसँग सम्वद्ध व्यक्तिको बारेमा सार्वजनिक रुपमा उपलव्ध सूचनासँग मेल खान्छ खाँदैन ?

**३.३ बृहत पहिचान :** सदस्यको तपसिलमा उल्लेखित रुपमा बृहत् पहिचान गर्नुपर्ने हुन्छ ।

**क**) बिद्युतीय माध्यमबाट भएको कारोबार ।

**ख**) भ्रष्टाचार, कर छली लगायत अन्य अपराधिक कार्यका दृष्टिले उच्च जोखिममा छ वा छैन ?

**ग**) रु **३०,००,०००।- (तीस लाख**) भन्दा वढी बचत गरेको वा शेयर खरिद गरेको वा ऋण लिएको सदस्य सम्भनुपर्दछ ।

**घ**) यसरी माथि उल्लेखित कारोवार गर्ने शेयर सदस्यको औपचारिक वा अनौपचारिक रुपमा सुचना संकलन गर्नु पर्दछ ।

**ङ**) **७ (घ**) मा उल्लेखित रुपमा प्राप्त सुचनाहरुलाई जाचबुझ गर्नुपर्दछ र निश्कर्ष अनुरुप आवश्यक कार्य गर्नुपर्दछ ।

**च**) सदस्यहरुको विवरणहरु अद्यावधिक गरी सुरक्षीत रुपमा राख्नु पर्दछ ।

**३.४ जोखिम व्यवस्थापन :** संस्थाले जोखिम पहिचान गर्दा **ऐनको दफा ७ (घ**) लाई आधार मान्नुको साथै तपसिलमा उल्लेखित आधार लिनुपर्नेछ :

**क**) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मुल्यांकन ।

**ख**) ऐनमा उल्लेखित विषयमा अन्तर्राष्ट्रिय रुपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन ।

**ग**) सदस्य तथा सम्वद्ध व्यक्तिको आर्थिक अवस्था तथा पृष्ठभूमी ।

**घ**) पदीय वा अन्य प्रभाव स्थिति वा स्वामित्वको अवस्था ।

**ङ**) पेश भएका विवरण प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा वितरण माध्यम तथा कारोवारहरुको स्वभाविकता, विश्वसनीयता र तादाम्यता ।

**च**) सदस्यको आर्थिक वा अन्य अवस्थामा आएको परिवर्तन ।

**छ**) सदस्य रहेको वा सदस्यको काम/कारोवार रहेको स्थानको विशेषता ।

**ज**) संस्थाले जोखिमको वर्गिकरण गर्दा उच्च, मध्यम र न्यून जोखिममा वर्गीकरण गर्नुपर्नेछ ।

सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि –२०७९

**३.५ असामान्य कारोवार :** संस्थाले तपसिलमा उल्लेखित कारोवार लाई असामान्य कारोवार मान्नु पर्दछः

**क**) चित्तबुझ्दो आधार भएको बाहेक एकैपल्ट वा पटक पटक गरी वार्षिक **रु. ३० लाख** भन्दा वढीको बचत जम्मा वा कर्जा भुक्तानी भएको ।

**ख**) एकैपल्ट वा पटक पटक गरी **वार्षिक रु. ३० लाख** भन्दा वढीको विप्रेषण वा रकम स्थानान्तरण भएको ।

**ग**) एकैपल्ट वा पटक पटक गरी **रु. ३० लाख** भन्दा वढीको शेयर खरिद गरेको ।

**घ**) सिमा कारोबार प्रतिवेदन छल्ने मनसायले कारोवार गरेको ।

**३.६ सिमा कारोवारको स्रोत :** शेयर सदस्यले संस्थामा **रु. १० लाख** वा सो भन्दा वढीको तपसिलमा कारोवार गर्दा सम्वन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनु पर्नेछ । उल्लेखित सिमा कारोबार गर्दा **अनुसुची २** बमोजिमको फारम भरी राख्नु पर्दछ ।

**क**) संस्थाको शेयर खरिद गर्दा ।
**ख**) संस्थामा बचत/निक्षेप जम्मा गर्दा ।
**ग**) संस्थाबाट लिएको ऋणको साँवा, व्याज भुक्तानी गर्दा ।
**घ**) विप्रेषण वा स्थानान्तरण को रकम भुक्तानी लिदा खातामा जम्मा वा खातासार गर्दा ।

**३.७ कारोवार गर्न नहुने :**
सम्पत्ति सुद्धिकरण निवारण **ऐनको दफा ६ र ७ (ण)** मा उल्लेखित व्यक्तिका अतिरिक्त सदस्यता पहिचानका आधार पूरा नभएका व्यक्तिसँग कारोवार गर्नु हुदैन ।

**३.८ सुरक्षात्मक उपाय अवलम्बन :** संस्थाले सम्पत्ति सुद्धिकरण निवारण **ऐनको दफा ७ (ट)** बमोजिम नयाँ प्रविधिबाट वा व्यक्ती उपस्थित नभई कारोवार सञ्चालन गर्दा र सोका लागि कार्यविधि निर्माण गर्दा जोखिमको समुचित व्यवस्थापन हुने गरी आवश्यक उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

**३.९ सीमा कारोवारको प्रतिवेदन :** संस्थाले तोकेको अधिकृतले **सम्पत्ति सुद्धिकरण निवारण ऐनको दफा १० (क)** बमोजीमको सीमा कारोवार सम्वन्धी प्रतिवेदन त्यस्तो कारोवार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी ईकाईले तोके बमोजीमको ढाँचामा वित्तीय जानकारी ईकाईमा दिनुपर्नेछ । सिमा कारोवार भित्र तपसिलमा उल्लेखित कारोवारहरु पर्दछन् :

**क**) कुनै सदस्यले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको **रु. १० लाख** वा सो भन्दा वढी रकमको कारोवार,

**ख**) कुनै सदस्य वा व्यक्तिलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको **रु. १० लाख** वा सो भन्दा वढी रकम बरावरको विद्युतीय वा अन्य स्थानान्तरण तथा भुक्तानी,

**३.१० शंकास्पद कारोबार :** संस्थालाई कुनै पनि शेयर सदस्यको कारोवार माथि शङ्का लागेमा त्यस्तो कारोवारलाई संकास्पद कारोवारमा राख्नु पर्दछ । यदि कुनैपनि कारोबारमा शंङ्का लागेमा त्यस्तो व्यक्तिको कारोबारलाई **अनुसुची ३** बमोजिको ढाचामा विवरण भरी राख्नुपर्दछ ।

**३.११ बित्तीय जानकारी ईकाईको निर्देशन :** संस्थाले वित्तीय जानकारी ईकाइले जारी गरेका सिमा कारोवार तथा शंकास्पद कारोवार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

# परिच्छेद : ४
## जिम्मेवारी

**४.१ संस्थाको जिम्मेवारी :** ऐन, नियमावली, निर्देशन बमोजीम संस्थाले पुरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पुरा गर्न गराउन आवश्यक कार्यविधि कार्यविधि नियन्त्रण प्रणाली जनशक्ति साधन स्रोतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

**४.२ व्यवस्थापकको जिम्मेवारी :** ऐन, नियमावली र निर्देशन बमोजीम संस्थाले पूरा गर्नुपर्ने दायित्व पुरा गर्न आवश्यक व्यवस्थापकीय जिम्मेवारी व्यवस्थापकको हुनेछ ।

**४.३ कार्यान्वयन अधिकारी :**

**क)** संस्थाको सञ्चालक समितिले ऐन, नियमावली, निर्देशन बमोजीमको दायित्व पुरा गर्न कार्यान्वयन अधिकारी नियुक्त गर्नेछ ।

**ख)** संस्थाले कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्वर, ईमेल लगायतका विवरण वित्तीय जानकारी इकाई र विभाग समक्ष पेश गर्नु पर्नेछ साथै कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनुपर्नेछ ।

**ग) कार्यान्वयन अधिकारीको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :**

१) आफ्नो कार्य सम्पादनको शिलशिलामा आवश्यक कुनै पनि अभिलेख हिसाव किताव र लेखा सम्वन्धी कागजातहरु उपर पहुँच प्राप्त गर्ने ।

२) संस्थाको सम्वन्धित कर्मचारीसँग कुनै सूचना जानकारी विवरण वा कागजात माग गर्ने र प्राप्त गर्ने ।

३) ऐन, नियमावली, निर्देशन कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने ।

४) ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजिमको कार्य प्रभावकारी वनाउन फोकल व्यक्तिको रुपमा काम गर्ने ।

५) ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजीमको कार्य प्रभावकारी रुपमा गर्न कार्यविधि र प्रणाली मस्यौदा तर्जूमा गरी पेश गर्ने ।

६) कर्मचारी वा अन्य स्रोतवाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोवर सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने ।

७) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारी सँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै वखत प्राप्त गर्न सक्ने ।

८) ऐन, नियमावली, निर्देशन बमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

९) सम्पत्ती शुद्धीकरण ऐन, नियमावली, निर्देशन, कार्यविधि, कार्यविधि अनुरुप कार्य गर्न गराउन अधिनस्त कर्मचारीलाई जानकारी दिने ।

१०) अधिनस्त कर्मचारीहरुलाई सम्पत्ती शुद्धीकरण ऐन, नियमावली, निर्देशन, कार्यविधि, कार्यविधिको वारेमा जानकारी दिई सोही अनुसार कार्य गराउने ।

११) सम्पत्ती शुद्धीकरण ऐन, नियमावली, निर्देशन, कार्यविधि, कार्यविधि अनुसार काम कारवाही नगर्ने कर्मचारीलाई कारवाहीको लागि सिफारिस गर्ने ।

**घ**) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न संस्थाले आवश्यक कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ ।

**ङ**) कार्यान्वयन अधिकारीले ऐन नियमावली, निर्देशन र यस कार्यविधि बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागिय कारवाहीको सिफारिस गर्नु पर्नेछ र सो सिफारिस बमोजीम संस्थाले कारवाही गर्नु पर्नेछ । यसरी गरीएको कारवाही वित्तीय जानकारी ईकाई तथा विभागलाई गराउनु पर्नेछ ।

**च**) सञ्चालक समितिले कम्तीमा चौमासीक रुपमा ऐन, नियमावली, निर्देशन यस कार्यविधि बमोजिम भए गरेका काम कारवाहीको समिक्षा गर्नु पर्नेछ ।

**छ**) ऐन, नियमावली, निर्देशन र यस कार्यविधिको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि संस्थाले आफ्नो सदस्य, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

### ४.४ गोपनियता :

**क**) संस्थाको कार्यान्वयन अधिकारीले ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजीम तयार वा पेश गरेको सिमा वा शंकास्पद कारोवारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाई वाहेक अन्य कसैलाई दिनु हुदैन तर कानुनी अधिकार प्राप्त व्यक्तीले माग गरेमा दिनुपर्नेछ ।

**ख**) संस्थाको पदाधिकारी, कर्मचारी, सल्लाहकार वा लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्राप्त सूचना वा जानकारी सम्बन्धित वा अन्य कुनै व्यक्तिलाई कुनै तवरले प्रकट नगरी गोप्यता कायम राख्नु पर्नेछ ।

**ग**) ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजीम गोपनीयता कायम गर्नुपर्ने विषयका सन्दर्भमा सम्पत्ति सुद्धिकरण निवारण ऐनको **दफा ३७** बमोजिम बचाउ हुने अवस्था बाहेक कोही कसैले गोपनीयता सम्वन्धी व्यवस्था पालना नगरेमा ऐनको **दफा ४४ (क)** तथा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

### ४.५ प्रतिवेदन संम्बन्धमा :

१. संस्थाले सीमा कारोबारको प्रतिवेदन **अनुसुची २** अनुसारको ढाँचामा वित्तिय जानकारी इकाईमा पठाउनुपर्ने छ ।

२. संङ्कास्पद कारोबारको प्रतिवेदन **अनुसुची ३** बमोजीमको ढाँचामा वित्तिय जानकारी इकाईमा पठाउनुपर्ने छ ।

३. संस्थाले सम्पति शुद्धिकरण निवारण सम्बन्धि स**हकारी संघ संस्थालाई जारी गरिएको निर्देशन २०७४** बमोजीम भए गरेका कार्यहरुको प्रतिवेदन **अनुसुची ४** बमोजीम चौमासीक रुपमा संम्बन्धित कार्यालयमा पठाउनु पर्ने छ ।

**४.६ थप व्यवस्था :**

**क**) यस कार्यविधिलाई कार्यान्वयन गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधि व्यवहारको प्रचलनलाई ध्यान दिनु पर्नेछ ।

**ख**) सञ्चालक सदस्य र कर्मचारीहरुमा उच्चतम नैतिक मर्यादास्तरको अपेक्षा, झुठ्ठा विवरणको घोषणा र विचलनमा शुन्य सहिष्णुता कायम गर्नुपर्नेछ ।

**ग**) ऐन, नियमावली, निर्देशन र यस कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनमा साधारण सदस्य, विभिन्न पदमा निर्वाचित सदस्य एवं कर्मचारीहरुलाई स्वतन्त्र, निर्भीक एवं अग्रतापूर्ण ढंगले सूचना दिन, प्रतिवेदन गर्न र अन्य रुपमा कर्तव्य पालना गर्न प्रोत्साहन एवं संरक्षण गर्नुपर्नेछ ।

**घ**) सम्पत्ती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा संस्थाको दायित्वका सम्बन्धमा सदस्य सूचना, शिक्षा, सञ्चार गतिविधिहरुका साथै कर्मचारीहरुको दक्षता विकासमा लगानि उचित मात्रामा गर्नुपर्नेछ ।

**ङ**) प्रतिवेदन प्रणाली स्पस्ट हुनुपर्नेछ ।

**४.७ अभिलेख व्यवस्थापन :** संस्थामा तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ । यसरी भएका अभिलेखहरु विद्युतिय माध्यममा समेत सुरक्षण गरी राख्नु पर्नेछ ।

**४.८ विविध :** कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले स्विकृत गरेको एकीकृत व्यवस्थापन सुचना प्रणालीमा १ वर्ष भित्रमा सहभागी हुने ।

## परिच्छेद : ५
## खारेजी तथा बचाऊ

५.१ **सम्पत्ति सुद्धिकरण निवारण कार्यविधि-२०७९** भन्दा अगाडी भएका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

५.२ यस कार्यविधिमा संलग्न नभएका कुराहरु संचालक समितिको निर्णय बमोजिम हुनेछ साथै यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा प्रष्ट नभई विवाद उत्पन्न भएमा व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

५.३ यस **सम्पत्ति सुद्धिकरण निवारण कार्यविधि-२०७९** लाई सञ्चालक समितिले आवश्यकता अनुसार संसोधन, पुर्नलेखन वा खारेज गरी साधारण सभाबाट अनुमोदन गराउनेछ ।

**समाप्त**

<u>अनुसूची १</u>

**परिच्छेद ३ को नियम ३.१(ज) सँग संम्बिन्धित**

**<u>सदस्यता दरखास्त फाराम</u>**

# क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## गंगादेव गाउँपालिका २ सुखाओडार, रोल्पा ।

फोटो

**क) आवेदकको व्यक्तिगत विवरण :**

<table>
<tr><td>१.</td><td>नाम थर</td><td></td></tr>
<tr><td>२.</td><td>Name In English</td><td>| | | | | | | | | | | | | | | | | | | | |</td></tr>
<tr><td>३.</td><td>जन्म मिति</td><td>साल................महिना...........गते.............</td></tr>
<tr><td>४.</td><td>स्थाई ठेगाना</td><td>प्रदेश नम्बर ५ रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ............ टोल .......................... घर नं. ..............फोन नम्बर ................................ मोबाईल नं. .................................... ईमेल ....................................</td></tr>
<tr><td>५.</td><td>अस्थाई ठेगाना</td><td>प्रदेश .................. जिल्ला.................. गाउँपालिका.............वडा नं. ................ टोल ...................घर नं.............. फोन नं. ...................... मोबाईल नं. ........................... ईमेल ....................................</td></tr>
<tr><td>६.</td><td>नागरिकता</td><td>नागरिकता नम्बर ........................... जारि गर्ने जिल्ला ......................... जारि मिति .................................</td></tr>
<tr><td>७.</td><td>मतदाता परिचय पत्र</td><td>परिचय पत्र नम्बर ........................... गाउँपालिका ............................. वडा नम्बर .............. केन्द्र ........................</td></tr>
<tr><td>८.</td><td>लिङ्ग</td><td>पुरुष ☐ महिला ☐ अन्य ☐</td></tr>
<tr><td>९.</td><td>पेशा</td><td></td></tr>
<tr><td>१०.</td><td>आवद्धता</td><td><table>
<tr><th>क्र.सं</th><th>आवद्ध संस्थाको नाम</th><th>ठेगाना</th><th>पद</th><th>वार्षिक अनुमानित आय</th></tr>
<tr><td>१.</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>११.</td><td>कूल अनुमानित वार्षिक आय</td><td></td></tr>
<tr><td>१२.</td><td>राजनैतिक दलको आवद्धता</td><td>छ ☐ छैन ☐ छ भने पद खुलाउनुहोस..............................................।</td></tr>
</table>

**ख) आवेदकको पारिवारिक विवरण :**

| क्र.सं | नाता | नाम थर | पेशा | अनुमानित वार्षिक आम्दानी |
|---|---|---|---|---|
| १. | बाजे/ससुरा | | | |
| २. | बाबु/आमा | | | |
| ३. | श्रिमान्/श्रिमती | | | |
| ४. | छोरा | | | |
| ५. | छोरी | | | |

| | |
|---|---|
| ६. | आँफै वा परिवारको कुनै सदस्य उच्च पदीय राजनैतिक, प्रशासनिक वा साङगठनीक भूमिकामा रहेको भए सोको विवरण खुलाउने :<br>क) नाम :<br>ख) नाता :<br>ग) पद वा सार्वजनिक भूमिका : |
| ७. | राहदानी नं. भएमा : |
| ८. | संस्थाको कार्यक्षेत्र भित्र अस्थाई बसोबास भएमा वर्षमा विताउने अवधि ........................... दिन । |

**ग) आवेदकको सहकारि संस्थागत विवरण :**

१. संस्थाको सदस्य बन्नुको उदेश्य .........................................................................................।

२. अन्य कुनै सहकारि संस्थामा सदस्य भएमा सोको विवरण :

| क्र.सं | सदस्य भएको संस्थाको नाम | ठेगाना | सदस्य नम्बर | संस्थाको ठेगाना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**३. आफू बाहेक परिवारका सदस्य अन्य सहकारि संस्थामा सदस्यता लिएको भए सोको विवरण :**

| क्र.सं | नाम थर | नाता | संस्थाको नाम | संस्थाको ठेगाना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**४. परिवारका अन्य सदस्य यस संस्थामा सदस्य रहेको वा नरहेको यदि रहेको भए सोको विवरण :**

| क्र.सं | नाम थर | सदस्यता नम्बर |
|---|---|---|
| १. | | |
| २. | | |

**घ) आवेदकको वित्तीय कारोबारको विवरण :**

**१. प्रारम्भमा संस्थामा जम्मा गर्ने वा हाल सम्म संस्थामा जम्मा गरिसकेको रकमको विवरण :**

| | | |
|---|---|---|
| शेयर : | प्रवेश शुल्क : | नियमित बचत : |
| राहत : | ऐच्छिक बचत : | अन्य बचत : |

**ङ) आवेदकको हकवालाको विवरण :**

| क्र.सं | नाम थर | ठेगाना | नाता | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २. | | | | |
| ३. | | | | |

माथि उल्लेखित हकवालाको विवरण ठीक साँचो हो भनी सदस्यले प्रमाणित गर्ने :

.....................................

**आधिकारिक दस्तखत**

सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि - २०७९

**च) आवेदकको स्वःघोषणा :**

१. मैले पेश गरेको विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएको मितिले ३५ दिन भित्र संस्थामा पेश गर्नेछु ।
२. मैले माथि पेश गरेको सम्पूर्ण विवरण दुरुष्त छ, यदि झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
३. संस्थाका नीति, निर्णय, कार्यविधि र विनियमको पूर्ण परिपालना गर्नेछु ।
४. संस्थाका सबै गतिविधिहरुमा सहभागि हुनुका साथै संस्थामा सम्पूर्ण रुपले कारोबार गर्नेछु ।
५. संस्थाले कारोबार गरेको प्रकृतिले अन्य कुनै सहकारि संस्था वा निजि व्यवस्थापनमा लगानी गरेको छैन र गर्ने छैन ।

.................................

**आधिकारिक दस्तखत**
**मिति :**

**दायाँ** **बायाँ**

**छ) आवेदकको नजिकैको परिचित स्थान बाट अफ्नो घर सम्म पुग्ने मार्ग :**

**कार्यालय प्रयोजनको लागि मात्र**

**१. संलग्न कागजातहरु भएकोमा ठीक चिन्ह लगाउनुहोस ।**

अ) नागरिकताको प्रमाणित प्रतिलिपि ☐
आ) मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपि ☐
इ) जग्गाधनी पुर्जाको प्रमाणित प्रतिलिपि ☐
ई) कार्यक्षेत्र भित्र स्थाई बसोबास वा पेशामा भएको प्रमाणित कागजातको प्रतिलिपि ☐

**२. सिफारिस :**

यसमा उल्लेख भएका श्री ........................................................ लाई म राम्ररी चिन्दछु । निज ले मेरो रोहवरमा सहीछाप गरेका हुन् । मैले जाने बुझें सम्म निजले पेश गरेको विवरण ठीक भएकोले निजको निवेदन अनुसार यस सहकारी संस्थाको सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

**सिफारिसकर्ता सदस्यको :**

नाम :
सदस्यता नम्बर : MR-01-
दस्तखत :
मिति :

---

**स्वीकृत गर्नेको :**

नाम :
पद :
दस्तखत :
मिति :

**प्रमाणित गर्नेको :**

नाम :
पद :
दस्तखत :
मिति :

**सदस्यता नम्बर : MR-01-**
**सदस्यता प्रदान गरेको मिति :**

## अनुसूची २
### परिच्छेद ३ को
### नियम ३.५, ३.६, ३.९, र ४.५(१) सँग संम्बिन्धित

**सिमा कारोबारको आधारभूत विवरण / Threshold Transacton Reportn (TTR)**

| क्र.सं. | खतावाला सदस्यको नाम र ठेगाना | कारोवार गरेको कार्यालय/शाखा | कारोबार गरेको मिति | कारोवारको प्रकार ( वचत, ॠण, शेयर खरिद) | खताको प्रकार र खाता नंबर | कारोवार रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

सम्वन्धित कार्यालयको नाम :

कर्मचारिको नाम :

पद :

सम्पर्क नं. :

ईमेल ठेगना :

दस्तखत :

सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि –२०७९

# अनुसूची ३

## परिच्छेद ४ को
## नियम ३.१० र ४.५(२) सँग संम्बिन्धित

## संकास्पद कारोवार प्रतिवेदन/Suspicious Transacton Report (STR)

**१. जानकारी प्रदायक संस्था कार्यालयको नाम र शाखा :**

**२. सदस्य विवरण :**

क) सदस्यको नाम :

ख) स्थाई ठेगाना :

ग) हालको ठेगाना :

घ) शेयर सदस्य नम्बर :

ङ) सदस्य बनेको मिति :

**३. जन्म मिति :**

**४. पेशा :**

**५. नागरिकता/राहदानी नम्बर :**

क) जारी मिति :

ख) जारी गर्ने निकाय :

ग) जारी गरेको स्थान/जिल्ला :

**६. बाबुको नाम :**

**७. आमाको नाम :**

**८. श्रीमान्/श्रीमतिको नाम :**

**९: बाजेको नाम :**

**१०. कारोवार विवरण :**

| खाता नं. | आ.व. | जम्मा कारोवार संख्या | खतामा जम्मा भएको रकम | जम्मा कारोवार संख्या | खाताबाट बाहिरीएको रकम | खतामा भएको कूल रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(क) दश ठूला वचत जम्मा गर्ने सदस्यहरुको विवरण (गत आ.व.)**

| क्र.सं. | मिति | भौचर/चेक नं. | बचत कर्ताको नाम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**(ख) दश ठूला बचत फिर्ता गर्ने सदस्यहरुको विवरण (गत आ.व.)**

| क्र.सं. | मिति | भौचर/चेक नं. | बचत फिर्ता गर्नेको नाम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**११. संस्थाले संकास्पद कारोबारको नियन्त्रणका लागि कुनै पहल गरेको छ ?**

**संस्थामा यस क्षेत्रको जिम्मेवार व्यक्तिको विवरण :**

नाम : पद :

सम्पर्क नं. : ईमेल :

हस्ताक्षर :

सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि –२०७९

# अनुसूची ३
## परिच्छेद ४ को
## नियम ४.५(३) सँग संम्बिन्धित

## नियामक निकायमा पठाउने प्रतिवेदनको ढाँचा

**क. सामान्य विवरण**

१. संस्थाको नाम, ठेगाना :

२. प्रतिवेदन महिना : ................. साल : ............

३. दर्ता मिति :

४. दर्ता नम्बर :

५. संस्थाको विषय प्रकृति :

६. संस्थाको कार्यक्षेत्र :

७. पछिल्लो आवको लेखापरिक्षित वासलातको जम्मा सम्पति वा दायित्व रु. :

८. कार्यविधि तथा कार्यविधि जारी गरेको मिति :

९. कार्यविधि तथा कार्यविधि अद्यावधिक गरेको मिति :

१०. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मिति :

११. जोखिम मूल्याङ्कन अद्यावधिक गरेको मिति :

**ख. विवरण :**

| सि.न | विवरण | गत आ.व. सम्मको | चालु आ.व. | | | | | | | | | | | | चालु आ.व. को जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सा. | भ. | अ. | का. | म. | पु. | मा. | फा. | चै. | बै. | जे. | अ. | | |
| १. | जम्मा सदस्य संख्या | | | | | | | | | | | | | | | |
| | क) सदस्य (रु. १० लाखसम्म सेयर लिएका) | | | | | | | | | | | | | | | |
| | ख) सदस्य (रु. १० लाख भन्दा माथि सेयर लिएका) | | | | | | | | | | | | | | | |
| | ग) बचत कर्ता सदस्य (रु. १० लाखसम्म ) | | | | | | | | | | | | | | | |